# देवचुली नगरपालिका

# स्थानीय राजपत्र

खण्डः५ संख्याः ५

नगरसभाबाट स्वीकृत मितिः२०८०/०३/०८
स्थानीय राजपत्रमा प्रकाशित मितिः२०८०/०३/११

## भाग १

## देवचुली नगर शिक्षा ऐन, २०७६ को दोस्रो संसोधन प्रस्ताव -२०८०

नगर शिक्षा ऐन, २०७६ को दोस्रो संसोधन, नगरसभाबाट स्वीकृत भए लगत्तै लागु हुनेछ।

देवचुली नगरपालिका राजपत्र

**१. दफा २६ को उपदफा १ संसोधन**

उपदफा ४ पछि देहाय बमोजिमको उपदफा '४ क' थपियो

विद्यालय व्यवस्थापन समितिको म्याद समाप्त भए पश्चात सो समिति गठन प्रयोजनार्थ बोलाइएको अभिभावक भेला बसी प्रकृया सुरु भएको १ महिना सम्म पनि अभिभावक सदस्यहरु सहमति वा चुनाबबाट छनौट हुन नसकेको खण्डमा अभिभावक सदस्यमा उम्मेदवारी दिएका मध्येबाट नगर शिक्षा समितिले कम्तिमा २ जना महिला सहित ४ जना सदस्य छनौट गरी पठाउन सक्नेछ।

**२. दफा २९ को उपदफा १ संसोधन।**

सो उपदफाको खण्ड 'ज' हटाई सो को ठाउँमा अध्यक्षको उम्मेदवार हुन माध्यमिक विद्यालयको लागि कम्तिमा कक्षा १२ वा सो सरह योग्यता भएको, आधारभूत तह (कक्षा १-८) को लागि न्यूनतम एस.एल.सी / एस.ई.ई वा सो सरह र आधारभूत तह (कक्षा १-५) को लागि कक्षा ८ पास भएको हुनुपर्ने भन्ने खण्ड 'ज' राखियो।

साथै ऐनमा जुनसुकै कुरा लेखिएको भएतापनि दोस्रो संसोधन ऐन लागु हुनुभन्दा पहिले पूर्णता पाइसकेको विद्यालय व्यवस्थापन समिति हकमा यथावत रहनेछ तर समिति गठन प्रकृया सुरु भई नगर शिक्षा ऐनको दोस्रो संसोधन स्वीकृत भएको मिति सम्म पूर्णता नपाएको विद्यालयको हकमा भने यस ऐन अनुसार हुनेछ।

आज्ञाले

मोहन प्रसाद मरासिनी

प्रमुख प्रशासकीय अधिकृत



देवचुली नगरपालिका राजपत्र